# Bhote Koshi Power Company Pvt. Ltd

*प्रेस विज्ञप्ति*

## भोटेकोशी पावर कम्पनीमा नेपाली स्वामित्व बढ्यो

*तुरुन्त जारि गर्नको लागि*

२७ मार्च, २००६ – हिमाल ईन्टरनेसनल ईनर्जी प्रा. लि. ले भोटेकोशी पावर कम्पनी प्रा. लि. को बहुमत शेयर खरिद गरेको आज घोषणा गरेको छ । उक्त काम २४ मार्च (११ चैत्र), शुक्रबार सम्पन्न भएको हो ।

यस कारोबार पछि पाण्डा अफ नेपालको शेयर हिमाल ईन्टरनेसनलको स्वामित्वमा हुने भएको छ । पाण्डा अफ नेपाल डलास, अमेरिका स्थित पाण्डा ग्लोबल होल्डिङ्गस तथा DTE Energy को अधीन कम्पनी MCINC को संयुक्त लगानी भएको कम्पनी हो । दुबै अमेरिकी कम्पनीहरु विश्व बजारबाट कारोबार बाट हट्ने र अमेरिकाको आन्तरिक उर्जा व्यापारमा मात्र ध्यान दिने आफ्नो नीति अनुरुप फिर्ता हुन लागेका हुन ।

उक्त घोषणाका लागि आयोजित पत्रकार सम्मेलनमा बोल्दै, भोटेकोशी पावर कम्पनीका नयाँ अध्यक्ष, श्री सिद्धार्थ राणाले हर्ष प्रकट गर्दै भन्नुभयो, "यो मेरो हृदय नजीक रहेको परियोजना हो । नेपालको उर्जा क्षेत्रको बारेमा पहिले पनि धेरै कुराहरु भएका छन् र यो हाम्रो भविष्यको उर्जा व्यापारको लागि एउटा ठूलो कदम हो ।"

सुजीव शाक्य अब कम्पनीको प्रेसिडेन्ट हुने भएका छन् भने डा. सन्दिप शाह कम्पनीका महाप्रबन्धक रहिरहनेछन् ।

यसै अवसरमा बोल्दै पाण्डा र MCINC का अधिकृत प्रतिनिधि जोन जामलिनले भन्नुभयो, "यो शेयर हस्तान्तरण सबै पक्षको भविष्यको रणनीति अनुसार उपयुक्त छ । पहिले देखि सोच्दै आएको यो कारोबार सबै पक्षको लागि फाइदाजनक हो ।"

अन्तर्राष्ट्रिय International Finance corporation (IFC) का प्रतिनिधि हाइमान जिया ले भन्नुभयो, "भोटेकोशीको अधिकाँश शेयर विदेशी साझेदारहरु बाट नेपालमा आउनु एउटा सकारात्मक र समयानुकुल प्रगति हो । IFC यस परियोजनासंग सम्बन्धित भएकोमा खुशी छ र यसको जोडदार समर्थन गर्दछ ।" IFC र DEG – जर्मन लगानी र विकास कम्पनी यस परियोजनाका प्रमुख कर्जा प्रवाहक हुन् ।

स्ट्याण्डर्ड चार्टर्ड बैक नेपालका प्रमुख कार्यकारी सुजीत मुण्डुल ले नेपालमा Acquisition Finance को नयाँ अध्याय शुरु भएको मा हर्ष व्यक्त गर्नु भएको थियो । स्ट्याण्डर्ड चार्टर्ड बैक यस कारोबार मा वित्तीय सल्लाहकार रहेको थियो ।

**PO Box 15153 Kalimati, Tahachal, Kathmandu, Nepal**
**Tel: 977-1-4281658, 4281659,4270027 Fax: 977-1-4273516**

# Bhote Koshi Power Company Pvt. Ltd

## भोटेकोशी पावर कम्पनी बारे

भोटेकोशी पावर कम्पनी माथिल्लो भोटेकोशी जलविद्युत परियोजनाको कार्यान्वयन र व्यवस्थापनको लागि जिम्मेवार संस्था हो । यो परियोजना सिन्धुपाल्चोक जिल्लामा भोटेकोशी नदीमा अवस्थित छ । चीन–नेपाल सीमा नजिकको रहेको यो परियोजना काठमाडौ भन्दा ७० किमी टाढा रहेको छ । तिब्बत, चीनको हिमनदी र हिमतालबाट शुरु भएको भोटेकोशी नदी ताङ्ग पु मा पुगेर ५,८०० मीटरको उँचाइसम्म पुग्दछ । यो जलविद्युत परियोजनाले नदीको बहाव अनुरुप विद्युत उत्पादन गर्छ ।
भोटेकोशी पावर कम्पनीको व्यवस्थापन तारा म्यानेजमेन्ट प्राईभेट लिमिटेड द्वारा सन्चालित छ ।

## थप जानकारीका लागि सम्पर्क

तारा म्यानेजमेन्ट प्राईभेट लिमिटेड
फोन. नं.– ५५५ ५७०७
ई–मेल – info@taramanagement.com.np

**PO Box 15153 Kalimati, Tahachal, Kathmandu, Nepal**
**Tel: 977-1-4281658, 4281659,4270027 Fax: 977-1-4273516**